## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, प्रदेश नं. १, नेपाल

### नगर कार्यपालिका वैठक, वैठक संख्या १०/०७७/०७८

आज मिति २०७७ साल माघ २० गते मंगलबार, दिनको ३:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशकुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार लिम्बु | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुरप्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | प्रेमबहादुर तामाङ्ग | का.वा. वडाध्यक्ष, धरान-८ | |
| २ | विनोद मानन्धर | वाड नं. सदस्य ९ | |
| ३. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

२०७७।१०।१९ को बैठकको निरन्तरता

बैठकमा छलफल र निर्णय भएका विषयहरु :–

१. ज्ञानोदय मा.बि. धरान ११ को थप भवन निर्माण सम्बन्धमा :–

यस उपमहानगरपालिका वडा नं. ११ स्थित श्री ज्ञानोदय माध्यमिक विद्यालयको भवन धेरै पुरानो र जीर्ण अवस्थामा रहेकाले त्यसलाई तत्काल भत्काई नयां बनाउनु पर्ने भएकाले सो भवन भत्काई नयां बनाउन स्थानीयदातबाट रु. ४०,००,०००/- दिने सहमती भएको बाँकी रु. १ करोड सहयोगकालागि सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने साथै म्याचिङ्ग फण्डको ब्यबस्था गर्ने निर्णय गरियो ।

२. विविध विषय सम्बन्धमा :–

क) वालमैत्री वडा घोषणाकालागि स्वीकृत प्रदान गर्ने सम्बन्धमा :–

धरान उपमहानगरपालिकालाई बालमैत्री नगर वनाउने अभियानमा वडावाट बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ ले निर्धारण गरेका सुचक र चरणहरू पूरा गरी बालमैत्री वडा घोषणा गर्दै नगरलाईनै बालमैत्री घोषणा गर्ने नीति अनुरूप वडा नं ८ ले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणानीतिले निर्धारण गरेका सम्पूर्ण सूचकहरू र तहगत खुड्किलाहरू पूरागरी मिति २०७७।११।०८ गते बालमैत्री वडा घोषणा गर्न अनुमति माग गरेकोमा उक्त मितिमा बालमैत्री वडा घोषणा गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

ख ) खानेपानी तथा ढल प्रशोधन तथा व्यवस्थापन आयोजना सम्बन्धमाः–

एशियाली विकास बैङ्कको मुख्य ऋण सहयोग र स्थानीय सरकार संगको समन्वय र सहकार्यमा संचालन हुने एकीकृत खानेपानी तथा ढल प्रसोधन तथा ब्यवस्थापन आयोजनाको बिस्तृत अध्ययन तथा तयारीकालागि सहयोग, समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

ग) ढुङ्गागिट्टी ठेक्काको रकम फिर्ता सम्बन्धमा :–

यस उपमहानगरपालिका भित्र पर्ने विभिन्न खोलाहरु ( सेउती, सेहरा, अधेरी, सर्दु र पटनाली ) वाट स्वीकृत IEE को प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खनन तथा व्यबस्थापन गर्ने प्रयोजनकालागि आर्थिक वर्ष २०७५।०७६ मा श्री अपुश्री ईन्टरप्राईजेज प्रा.लि. धरान १२ लाई ठेक्कामा दिईएकोमा ठेकेदारले सेउती खोलाको डिल नाका ( शितल बस्ती छेउ ) वाट ५३२०३९ घनफिट स्थानीय बासीहरूको अबरोधका कारण उत्खनन गर्न नपाएको ले सो परिमाण वरावरको रकम फिर्ता पाउ भनी दिएको निवेदनमा कार्वाहि हुदा यथार्थ कुरा बुझि प्रतिवेदन पेश गर्न वडा नं. १५ का वडाध्यक्ष श्री नरेश कुमार ईवारमज्यूको संयोजकत्वमा गठन भएको समितिले स्थलगत अध्ययन गरी निज ठेकेदारले सो स्थानवाट उत्खनन गर्न नपाएको ब्यहोरा यथार्थ रहेको भनी पेश गरेको प्रतिवेदन राजश्व परामर्श समितिको मिति २०७६।११।१८ को वैठकमा पेश हुदा सो बैठकवाट निज ठेकेदारले अधेरी खोलाको २ स्थान वाट उठाउनु पर्ने परिमाण एकै स्थानवाट उठाएकाले सेउती खोलावाट उत्खनन गर्न नपाएको परिमाणको १० प्रतिशत कट्टागरी बाकीं परिमाणको यस कार्यालयमा जम्मा गरिसकेको ठेक्का रकम फिर्ता दिन सिफारिस गर्ने निर्णय गरेकोमा सो बमोजिमको रकम फिर्ता दिने वजेट व्यवस्थापन नभएको हुँदा चालु आर्थिक वर्षको नदिजन्य पदार्थको उत्खनन गर्न गरिएको IEE प्रतिवेदनले उल्लेख गरेको स्थान धरान १५ वगरकोट नाकावाट हालको मूल्य प्रतिघनफिट रु ६। का दरले हुन आउने २२६४७५ घनफिट नदिजन्य पदार्थ नगरपालिकाको प्रत्यक्ष निगरानीमा उत्खनन गर्न दिने निर्णय गरियो ।

घ) कानूनी सल्लाहाकार र प्रेस सल्लाहाकार नियुक्ति भएको जानकारी सम्बन्धमा :–

यस उपमहानगरपालिकाको काम कार्वाहीलाई थप प्रभावकारी वनाउन नगर प्रमुख स्तरीय निर्णय अनुसार धरान १० निवासी श्री पारस राईलाई प्रेस संयोजक र धरान ११ निबासी अधिवक्ता जे.के. राई साम्पाङ्ग लाई कानूनी सल्लाहाकार सेवा करारमा नियुक्ति गरेको व्यहोरा नगर प्रमुख वाट बैठकलाई जानकारी गराई अनुमोदन गराईयो ।

ङ) **जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई भवन निर्माण गर्न दिएको जग्गा सम्बन्धमा :-**

यस उपमहानगरपालिकावाट गठित अव्यवस्थीत बसोबास तथा भूमिहिन सुकुम्बासी व्यवस्थापन समितिवाट धरान ८ स्थित हिमालय प्रेटोलपम्पको पूर्व पट्टि साविक कोशि ईन्जिनियरिङ्ग रहेको ऐलानी प्रति जग्गामा सुकुम्बासी वस्ती वसेको र उक्त वस्तीले घर नम्बर माग गरेकोमा धरान उपमहानगरपालिकाबाट उक्त जग्गा जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई भवन बनाउन भनि बोर्ड वैठकबाट निर्णय भएको भन्ने बुझिएकोले घर नम्बर वितरणमा समस्या भएको भनी पेश गरेको पत्रको सम्बन्धमा छलफल हुँदा धरान उपमहानगरपालिकाकाको २०६४/१०/११ को वोर्ड वैठकबाट उक्त स्थान जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन निर्माण गर्न निर्णय भएको तर उक्त स्थानमा सुकुम्बासी वस्ती वसेको साथै हाल आएर धरान उपमहानगरपालिकाले जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई धरान-१५ स्थीत रात्री वसपार्कमा जग्गा उपलब्ध गराउँने निर्णय गरिसकेकाले माथि उल्लेखित धरान-८ को जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई दिइएको जग्गा फिर्ता लिने निर्णय गरियो ।

च) **आर्थिक सहयोग सम्बन्धमा :-**

- धरान वडा नं. १० कलेज रोड स्थीत व्यवसायिक भवनमा २०७७/९/२८ मा विद्युत सर्ट भई राजु राईले सञ्चालन गर्दै आएको एका सोलुसन ईन्टरप्राईजेजमा क्षती पुगेकोले राहतका लागि निवेदन पेश भएकोमा रु. १५०००/- राहत दिने निर्णय गरियो ।
- धरान १५ निवासी गोविन्द्र बहादुर पाण्डेलाई क्यान्सर रोग उपचार्थ सहयोग रु. २०,०००/- दिने निर्णय गरियो ।

**आजको बैठक ६.०० वजे समास भयो ।**

**वैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा**